annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २२२ पृष्ठ ८ | काठमाडौं, मंगलबार २ पुस २०८१ | पौष कृष्णपक्ष द्वितीया नेपाल संवत् ११४५ | TUESDAY, DECEMBER 17, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# संक्रमणकालीन न्यायमा झन् सकस

## टीआरसी सिफारिस समिति नै विघटन, योग्य व्यक्तिको सिफारिस गर्न समिति विफल



ओमप्रकाश मिश्र

डा. अर्जुन कार्की

स्टेला तामाङ

मनोज दवाडी

खम्माबहादुर खाती

प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली दुई महिनाको अवधिमा योग्य व्यक्ति सिफारिस गर्न नसकेकामा समितिप्रति रुस्ट देखिएका छन्। उनले समितिको कार्यअवधि बढाउन अस्वीकार गरेका थिए।

समितिले अल्पमत बहुमतमा गएर निर्णय गर्नु राम्रो नहुने निष्कर्षसहित यस्तो निर्णयमा पुगेको जनाएको छ। सिफारिस समितिका एक सदस्यले निराश हुँदै भने, 'असहमतिका बीच पनि सहमति खोज्ने प्रयत्न जारी रह्यो। तै पनि असफल भइयो।'

समाचार पृष्ठ २

**दिनेश गौतम** | *काठमाडौं*
- को रिपोर्ट

# एमालेले लिएको जग्गा दान अन्ततः वैधानिक ठहर

**दिनेश गौतम** | *काठमाडौं*

सर्वोच्च अदालतले व्यवसायी मीनबहादुर गुरुङबाट सत्तारूढ दल नेकपा एमालेले दानमा जग्गा ग्रहण गर्नु भ्रष्टाचारजन्य अपराध भएको जिकिर गर्दै दायर रिट निवेदन सोमबार खारेज गरेको छ। न्यायाधीशद्वय अब्दुल अजिज मुसलमान र बालकृष्ण ढकालको संयुक्त इजलासले रिट निवेदन खारेज गरेको हो। रिट निवेदन खारेज भएसँगै एमालेलाई जग्गादानमा लिएर पार्टी कार्यालय निर्माण गर्ने बाटो खुलेको छ।

अधिवक्ता डा. ज्ञानबहादुर बस्नेतलगायतले सत्तारूढ दल नेकपा एमालेबाट जग्गा दान ग्रहण गर्नु गम्भीर भ्रष्टाचारजन्य अपराध, राज्यसत्ताको भयानक दुरुपयोग र नैतिक तथा कानुनी अपचलन' भएको भन्दै जग्गा लेनदेन (दान) कार्यान्वयन नगर्न/नगराउन अन्तरिम आदेशको माग गर्दै रिट दायर गरेका थिए। रिट निवेदनमा भाटभटेनी डिपार्टमेन्ट प्रालिका सञ्चालक गुरुङ लगायतलाई विपक्षी बनाइएको थियो। रिट निवेदनलाई सर्वोच्च प्रशासनले कात्तिक १ गते दरपीठ गरेको थियो। दरपीठ आदेशविरुद्ध निवेदकहरू इजलासमा रिट निवेदन लिएर गएका थिए। न्यायाधीश तिलप्रसाद श्रेष्ठको इजलासले दरपीठ आदेशलाई बदर गरी रिट निवेदन दर्ता गर्न आदेश दिएको थियो।

गत कात्तिक १२ गते न्यायाधीश सुनिलकुमार पोखरेलको एकल इजलासले प्रारम्भिक सुनुवाइ गर्दै सत्तारूढ दलले पार्टी कार्यालय बनाउन व्यवसायीसँग दान लिँदा 'लेनदेन हुन सक्ने' भन्दै जग्गादान तत्कालका लागि नलिन अन्तरिम आदेश दिएको थियो।

आदेशमा भनिएको थियो, 'सत्तामा रहेको दललाई फाइदा हुने, पारदर्शिता नहुने, निर्वाचनलगायत प्रक्रिया प्रभावित भई 'क्विड प्रो किओ' को अवस्था सिर्जना हुन सक्ने अवस्था समेतको आलोकमा सुविधा सन्तुलनको दृष्टिले अन्तरिम आदेशको छलफलबाट टुंगो नलागुन्जेलसम्म दान लिएको भनिएको जग्गादान लिई हक हस्तान्तरण



लगायतको कामकारबाही नगर्नू/नगराउनू।' दान लिने कार्य प्रथम दृष्टिमै कानुनविपरीत देखिएको भन्दै अर्को आदेश नहुन्जेलसम्मका लागि हक हस्तान्तरणमा सर्वोच्चले रोक लगाएको थियो।

नेकपा एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतम सर्वोच्चले रिट खारेज हुनुले एमालेको चालेको कदम सही भएको पुष्टि भएको बताउँछन्। 'सर्वोच्च अदालतले एमालेको कदम ठीक छ भन्दै रिट खारेज गरेको छ', गौतमले थपे, 'सम्मानित अदालतले एमालेको कामकारबाहीलाई गलत नभने पछि अब अन्य काम गर्ने बाटो खुलेको छ।' एमालेको पार्टी मुख्यालय भवन दानमा निर्माण गर्नु गलत भएको भन्दै पार्टीभित्रसमेत आलोचना भएको थियो।

दान लिने कार्य सच्याउनुपर्ने भन्दै नेताहरू बिन्दा पाण्डे, भीम रावल र उषाकिरण तिम्सेनाले सामाजिक सञ्जालमा आपत्ति जनाएका थिए। पार्टी निर्णयविपरीत गएको भन्दै पाण्डे, रावल र तिम्सेनालाई स्पष्टीकरणसमेत सोधेको थियो। उनीहरूले आफूहरूले पार्टीको हितमा धारणा राखेको उल्लेख गर्दै आफूहरूमाथि कारबाही हुनुपर्ने विषय नभएको भन्दै स्पष्टीकरण दिएका थिए।

» बाँकी पृष्ठ ६

# माथिल्लो अरुणको लगानी प्रभावित, लगानीमा विश्व बैंक अनीर्णित

**सुनिता कार्की** | *काठमाडौं*

विकास साझेदारबाट लगानीको प्रत्याभूति नहुँदा माथिल्लो अरुण जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन प्रभावित भएको छ। १०६३ मेगावाटको अर्धजलाशययुक्त आयोजनामा विश्व बैंकको नेतृत्वमा एसियाली विकास बैंक (एडीबी), जाइका लगायतका साझेदार निकायले लगानी गर्ने भन्ने थियो। तर, सन् २०२४ को अक्टोबरमा गर्ने भनेको वित्तीय व्यवस्थापन अहिलेसम्म हुन सकेको छैन। आयोजनाको लगानी भूराजनीतिक कारणले अनीर्णित बनेको स्रोत बताउँछ। भारतको चासोका कारण आयोजनाको लगानी प्रभावित बनेको छ। निर्माण अवधिको ब्याज, मूल्य वृद्धिलगायतसहित १ अर्ब ७५ करोड डलर अनुमानित लागत रहेको अपर अरुणमा ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वपुँजी (इक्विटी) बाट जुटाइने छ।

» विस्तृत पृष्ठ ५

# अस्ताए गणेशमानका सारथि



**राधा खनाल** | *काठमाडौं*

प्रजातन्त्र पुनर्स्थापना लगत्तै २०४९ सालमा भएको स्थानीय निकाय चुनावबाट पहिलोपटक काठमाडौंको मेयरमा निर्वाचित भएका पीएल सिंहको ८८ वर्षको उमेरमा आइतबार राति चाक्सीबारीमा निधन भएको छ। सिंह नेपाली कांग्रेसका नेता गणेशमान सिंहका सहयोगी थिए। सिंहको जन्म १९९३ सालमा काठमाडौंको ताम्सिपाखामा भएको थियो। सिंहलाई नजिकबाट चिन्ने कांग्रेसका नेताहरूले उनलाई सानैदेखि राजनीतिप्रति आकर्षण रहेको बताउँछन्। समाजसेवामा पनि उनको उत्तिकै रुचि थियो। सोही रुचिका कारण उनी चाक्सीबारी छिरेका थिए।

उनै सिंह अल्सरलगायत रोगबाट पीडित थिए। उनको गत वर्ष शल्यक्रिया गरिएको थियो। त्यसपछि अलिक गल्दै गएका थिए। पीएल मेयर हुँदा सल्लाहकार भएका कांग्रेसका नेता भीमसेनदास प्रधान गणेशमान सिंहलाई लौहपुरुष बनाउने मुख्य हात उनै पीएलको भएको बताउँछन्। उनी भन्छन्, 'राजनीतिमा न्याय र अन्यायको फरक छुट्ट्याउने एउटा नेतृत्व हो। हिजोको चाक्सीबारीलाई एउटा चमक दिने नेतृत्व हो उहाँको थियो। गणेशमानजी जेलमा भएका बेला हरेक तवरले घरमा रहेका परिवारलाई जतन गर्नेदेखि कार्यकर्ताको कुरा सुन्ने पनि उहाँनै हुनुहुन्थ्यो। उहाँ गणेशमानजीको छोरा जत्तिकै हुनुहुन्थ्यो। प्रजातन्त्रका लागि त्याग र तपस्या गरेको व्यक्ति हुनुहुन्छ उहाँ।'

२०५४ सम्म सिंह मेयर हुँदा नगरपालिकामा सुधारका धेरै प्रयास गरेका थिए। पीएलले विश्वका धेरै देशका महानगरसँग दौत्य सम्बन्ध राख्नेदेखि अन्तर्राष्ट्रिय संघ-संस्थाको बजेट सांस्कृतिक र धार्मिक क्षेत्रको संरक्षणमा ल्याउने सम्झौता गरेर महानगरको उत्साहजनक जग बसालेका थिए।

» बाँकी पृष्ठ ६

# जोखिम मोलेर अधकल्चो पुल तर्दै बालबालिका

**शिव उप्रेती** | *गोरखा*

गण्डकी गाउँपालिका-७ धवादीका बालबालिका जोखिमपूर्ण त्रिशूलीको पुल तरेर विद्यालय जान बाध्य छन्। धवादी र यस आसपासका ६० जना विद्यार्थी साँझ बिहान जोखिमपूर्ण पुल तर्न बाध्य भएका वडाअध्यक्ष तुलसी रेग्मीले जानकारी दिए।

गत असोज ११ गते त्रिशूलीको बाढीले भत्काएको गोरखाको गण्डकी ७ र धादिङको बेनिघाट रोराङ ७ जोड्ने सो पुलको आधा पाटो मर्मत भएर बाँकी काम एक महिनादेखि अलपत्र छाडिएपछि स्थानीय जोखिमपूर्ण पुल तर्न बाध्य भएका हुन्।

सो क्षेत्रका ५३ जना विद्यार्थी त्रिशूलीमाथिको जोखिम पुल तरेर चरौंदीको राइजिङस्टार बोर्डिङ पढ्न जाने गरेका वडाअध्यक्ष रेग्मीले जानकारी दिए। धवादी, पँदेलटार, बालटार, चुर्लिङ, चैनपुर, छापगाउँ, तेर्से लगायतका गाउँका स्थानीयवासी पृथ्वीराजमार्ग जान ज्यान जोखिममा मोलेर सोही पुल तर्ने गर्छन्। 'एक दिन होइन, दुई दिन होइन, एक महिना भइसक्यो पुल अलपत्र बनाएर छोडेको। बजेट सक्कियो भनेर काम गर्न छोडिसकें। गाउँलेहरू ज्यान जोखिममा राखेर तरिरहेका छन्।

यो त जानीजानी मर् भनेजस्तो भएन र ?', स्थानीय कुमार गुरुङले भने, 'स्कुल क्याम्पस जाने विद्यार्थी, तरकारी, दूध बेच्ने किसान, दैनिक उपभोग्य सामान किन्ने सर्वसाधारण अहिले ज्यान यसरी नै जोखिममा राखेर पुल तर्न बाध्य छन्। कि पुल चाँडो बनाउनुपर्‍यो, कि बन्द गर्नुपर्‍यो।' सो क्षेत्रका सांसददेखि स्थानीय जनप्रतिनिधिसम्म सबैले यहाँको दुखलाग्दो अवस्थालाई गम्भीर रूपमा नलिएको उनले गुनासो गरे।

पुल भत्किएपछि गण्डकी र बेनिघाट रोराङ गाउँपालिकाले मासिक ७० हजार भाडा तिर्ने गरी डुंगा भाडामा लिएर सञ्चालन गरेका थिए। तर, स्थानीयले डुंगाभन्दा जोखिम पुल रोज्ने गरेको वडाअध्यक्ष रेग्मीको भनाइ छ। 'पुल भत्किएपछि त्रिशूली वारपार गर्न दुवै गाउँपालिकाले डुंगा सेवा दिएको थियो, तर डुंगाभन्दा गाउँलेहरू जोखिम मलेर यही पुल तर्न थाले', वडाअध्यक्ष रेग्मी भन्छन्, 'अधकल्चो पुल नतर भनेर जति भने पनि कोही मान्दैनन्। डुंगा चढ्ने मान्छे कोही नभएपछि डुंगा सेवा पनि बन्द भयो। अहिले दैनिक दुई सयभन्दा बढीले यही जोखिमपूर्ण पुल तरिरहेका छन्।'

सो पुलको डेक निर्माण गर्न गाउँपालिकाले ९ लाख रुपैयाँको टेन्डर आह्वान गरिसकेको बताए। 'टेन्डर भइसकेको छ। सकेसम्म १५ दिनभित्र बनाइसक्ने लक्ष्य छ', उनले भने, 'त्यो बेलासम्म मान्छेहरू कि तल वा माथिको पुल तरे हुन्थ्यो, कि डुंगा तरे हुन्थ्यो। बनाइनसक्दैको पुल जोखिम मलेर नहिँडे हुन्थ्यो।'



**ज्यान जोखिममा राखेर धवादीघाटको पुल तर्दै स्थानीय बालबालिका।** ● कुमार गुरुङ